902

# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, फागुन ७ गते २०३७ साल [ अतिरिक्ताङ्क ६५ + (क)

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा आयोजित समारोहमा बक्सेको सम्बोधन ।

# शाही सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् । ११६३

आधिकेरिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महिला तथा सज्जनवृन्द,

प्रत्येक वर्ष झैं यस वर्ष पनि फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त नेपालीको हर्ष र उल्लासमा सहभागी भई यस समारोहमा सम्मिलित हुन पाउँदा हामीलाई खुशी लागेको छ ।

आजको यस ऐतिहासिक दिनमा हामीले हाम्रा प्रातः स्मरणीय पुज्य जिज्यु बुबाज्यु श्री ५ त्रिभुवन तथा प्रजातन्त्र ल्याउनमा मोसूफको साथ दिने वीर शहीदहरूको सम्झना नगरी रहन सक्तैनौं । ती महापुरुषहरूको प्रेरणा, प्रयास र बलिदानले नै नेपालमा प्रजातन्त्रको जग बस्न सकेको हो । यिनै तथ्यलाई साकार पार्न हामीले यस घडीमा आफ्नो दृढ संकल्प दोहराउँदै आउँदा दिनहरूमा अझ बढी लगनका साथ मातृभूमिको सेवा गर्ने अठोट गर्नु परेको छ ।

यस वर्ष प्रजातन्त्र दिवसको महत्व विगत वर्षहरूको तुलनामा निश्चय पनि बढेको छ । किनभने नेपालको इतिहासमा पहिलो पटक राष्ट्रिय जनमत संग्रह जस्तो लोक सम्मति बुझ्ने प्रजातान्त्रिक अभ्यास सफलताकासाथ सम्पन्न भएको छ । साथै, जनमत संग्रहबाट प्रदर्शित जनभावना अनुरूप संविधानको तेस्रो संशोधन देशवासीहरूको समक्ष आइसकेको छ । वर्तमान संशोधनले दलविहीन पञ्चायत व्यवस्था नै यस देशको निर्धारित प्रजातान्त्रिक प्रणाली हो भन्ने कुराको औचित्य छर्लङ्ग पार्दै राष्ट्रको निर्माणमा अधिकतम जनसहभागिता जुटाउन सक्नेछ भन्ने हामीले आशा गरेका छौं ।

अब देशमा जति सकेको छिटै बालिग मताधिकारका आधारमा राष्ट्रिय व्यवस्थापिकाका लागि आम निर्वाचन हुने भएको छ । त्यसैले अब आफूलाई जनप्रतिनिधि ठान्ने सबैले जनताको विश्वास प्राप्त गरी सडक र गल्लीमा भन्दा राष्ट्रिय व्यवस्थापिकामा जो भन्नु पर्ने कुरा भन्नु वेश हुन्छ । जनता पनि अब कोठे राजनीतिमा अलमलिरहन तयार छैनन् । देशको भविष्यको सपना साकार पार्ने एउटै उपाय आफ्नो अधिकार स्वतन्त्र रूपले निर्धक्क भई प्रयोग गरेर सच्चा देशभक्त प्रतिनिधिहरूलाई छान्नु हो भन्ने कुरा नेपाली सबैले बुझिसकेका छन् ।

बीसौं शताब्दीको आजको युगमा पनि केही राष्ट्रहरूले नौलो खालको उप-निवेशवादी महत्वाकांक्षा राखेकै छन् भने अर्कोतर्फ प्रत्येक राष्ट्रको राजनैतिक व्यवस्था त्यस देशको धर्म, परम्परा र संस्कृति अनुकूल जनताले चाहना गरे अनुसारकै हुनुपर्छ भन्ने कुरामा पनि दुई मत हुन सक्तैन । त्यसैले नेपालको भूराजनैतिक स्थिति, नेपालीको राज-नैतिक संस्कार र नेपाली मात्रको आकांक्षालाई उपेक्षा गर्दै कसैले अनुत्तरदायी काम कुरा गरी हाम्रो राष्ट्रिय सन्तुलन खलबलिन गएमा आजको अन्तरराष्ट्रिय सन्दर्भमा नेपाली मात्रले के कस्तो दूरगामी परिणाम भोग्नु पर्नेछ भन्ने कुरामाथि हामी सबैले गम्भीरतापूर्वक विचार गर्नु सामयिक हुनेछ ।

११६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तमा, आजको यस ऐतिहासिक अवसरमा समस्त नेपालीले आपस्तमा कुनै पनि वैमनस्य एवं मतभेदलाई नराखी वृहत् राष्ट्रिय स्वार्थबाट प्रेरित भई आउँदो आमनिर्वाचनको माध्यमद्वारा राष्ट्र निर्माणको महायज्ञमा सम्मिलित भई नेपाली समाजलाई एक अग्रगामी दिशातर्फ अभिमुख गर्न सकौं। यही कामना साथ आज यहाँ उपस्थित र यस समारोहका आयोजकहरू सबैलाई हामी धन्यवाद दिन चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

११३५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

११५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।